जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क
९८१५८३०६०१

बर्ष १२ • अंक १३८ • २०८१ फागुन २६ गते सोमवार • 10 Mar. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# पुनर्स्थापनाको लागि मुक्त हरवाचरवा जागरण अभियान

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २५ फागुन**



मुक्त हरवाचरवाको न्यायिक पुनर्स्थापना हाम्रो सरोकार। शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार ॥ भन्ने मुल नाराका साथ मधेश प्रदेशका ८ वटै जिल्लाका ३२ पालिकाबाट शुरु भएको पुनर्स्थापनाको लागि मुक्त हरवाचरवा जागरण अभियान अन्तरगत आगामी आन्दोलन निर्माण गर्नका लागि आजबाट महोत्तरीको बर्दिबासमा २ दिने रणनीतिक कार्यशाला शुरु भएको छ। मधेश प्रदेशका ८ वटै जिल्लाहरु (सप्तरी, सिराहा, धनुषा, रौतहट, सर्लाही, रौतहट, बारा र पर्सा) मा रहेका मुक्त हरवाचरवा अधिकार मञ्चका अगुवाहरुको सहभागितामा सञ्चालन गरिएको उक्त गोष्ठीको उदघाटनका अवसरमा आफनो बिचार राख्दै राष्ट्रिय दलित नेटवर्क, नेपालका संरक्षक एवं सुदुरपश्चिम प्रदेश सरकार नीति तथा योजना आयोगका पुर्व उपाध्यक्ष गणेश बिश्वकर्माले मुक्त हरवाचरवाहरुको न्यायिक पुनर्स्थापनाका लागि स्थानिय, जिल्ला र राष्ट्रिय स्तरका हरवाचरवा संगठनहरुले सामुहिक रुपमा स्थानिय, प्रदेश र संघीय सरकारलाई दबाव श्रृजना गरिनुपर्ने कुरा औल्याउनुभयो । उहाँले हरवाचरवाहरु युगौदेखि दासत्वबाट पिडीत हुनु भएकोले उनीहरुको पहिचान, प्रतिनिधीत्व र सामाजिक सुरक्षा मार्फत सम्मान, संरक्षण र परिपुर्ति गनुपर्ने दायित्व राज्यको भएकोले यसतर्फ गम्भीर हुनुपर्ने कुरा औल्याउनु भयो । साथै उहाँले नेपालमा अहिलेसम्म पनि लाखौको संख्यामा रहेका कृषी बधुवा मजदुरहरु: मुक्त हरवाचरवाहरुको सवाललाई दिगो बिकास लक्ष्य २०३० संग जोडेर एकिकृत त्याकेज निर्माण गरि कार्ययोजना मार्फत उनीहरुको न्यायिक पुनर्स्थापना हुनुपर्नेमा जोड दिनुभयो। राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्दीय अध्यक्ष एवं राष्ट्रिय कृषी बधुवा मजदुर संघर्ष समितिका संयोजक दशनलाल मण्डलले स्थानीय तहलाई जिम्मेवारी र हक प्रदान गर्दै मुक्त हरवा चरवाको लगत संकलन र परिचय पत्र बितरण कार्य यसै आर्थिक बर्षमा प्रारम्भ गरिनुपर्ने कुरामा जोड दिनुभयो। राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका केन्दीय कोषाध्यक्ष राजवती मण्डलले सरकारले आफना मागहरु समयमै पुरा नगरे आफुहरु कडा आन्दोलन गर्न बाध्य हुने र त्यसको जिम्मेवारी सरकारले लिनुपर्ने कुरा बताउनु भयो । द फ्रिडम फण्डका कार्यक्रम सल्लाहकार ब्रहमदेव रामले मुक्त हरवाचरवाको आगामी अभियानलाई स्वत:स्फुर्त रुपमा अगाडी बढाउनका लागि मुक्त हरवाचरवाका संघ, संगठनहरु क्रियाशिल हुनुपर्ने कुरामा जोड दिनुभयो। साथै उहाँले आन्दोलनलाई सशक्त रुपमा अगाडी लैजानका लागि सबै मुक्त हरवाचरवाका अगुवाहरुले आ आफनो समाजबाटै मौनताको संस्कृतीलाई तोडनका लागि पछाडी नहटनका लागि आग्रह गर्नुभयो। उक्त गोष्ठी अहिलेसम्म स्थानिय स्तरमा सञ्चालन भईरहेको जागरण अभियानको सहभागिमूलक समिक्षा सहित प्रदेश र संघीय स्तरमा सञ्चालन गरिने आन्दोलनको खाका समेत निर्माण भई अनुमोदन गरिनेछ । कार्यक्रममा संगठन निर्माण, परिचालन र सवलीकरणका साथै सवालमा आधारित नीतिगत जनवकालत, कृषि बधुवा मजदुरहरुको सवाल र संबैधानिक र कानुनी प्रावधान, नेतृत्व बिकास र आन्दोलन निर्माणका बिषयमा छलफल भई आगामी ६ महिने आन्दोलनको कार्यान्वयन योजना निर्माण गरिनेछ। आन्दोलन निर्माण गोष्ठीको सहजीकरण राष्ट्रिय दलित नेटवर्क, नेपालका संरक्षक एवं संस्थापक अध्यक्ष गणेश बिश्वकर्मा र द फ्रिडम फण्डका कार्यक्रम सल्लाहकार ब्रहमदेव रामले गर्नुहुनेछ । जागरण अभियान अन्तरगत पहिलो चरणमा सप्तरीको कञ्चनरुप नगरपालिका, सिराहाको औरही गाऊँपालिका, बरियारपटटी गाउँपालिका, धनगढीमाई नगरपालिका र लहान नगरपालिका, धनुषाको गणेशमान चारनाथ नगरपालिका, शहिदनगर नगरपालिका, महोत्तरीको जलेश्वर नगरपालिका, सर्लाहीको ब्रहमपुरी गाऊँपालिका, चन्द्रनगर गाऊँपालिका, हरीपुर नगरपालिका र ईश्वरपुर नगरपालिका, रौतहटको बिन्द्रावन नगरपालिका र कटहरीया गाऊँपालिका, बाराको करैयामाई गाऊँपालिका, बारागढी गाऊँपालिका, कोल्भी नगरपालिका र जीतपुर सिमरा उपहानगरपालिका र पर्साको पकहामैनपुर गाऊँपालिकामा जागरण अभियान सम्पन्न भएको छ।

# ११५ औँ अन्तर्राष्ट्रिय महिला दिवस भव्य रुपमा मनाईयो



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २५ फागुन**

११५ औँ अन्तर्राष्ट्रिय महिला दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ । 'सबै महिला तथा बालिकाको लागि : अधिकार, समानता र सशक्तीकरण' भन्ने मूल नाराका साथ महोत्तरीमा कृयाशिल विभिन्न संघ संथाको समन्वयमा अंतरकृया कार्यक्रमको आयोजना गरि सम्पन्न भएको छ ।

जलेश्वर नगरपालिका , जिल्ला प्रशासन कार्यालय महोत्तरी , जिल्ला प्रहरि कार्यालय महोत्तरी,इन्सेक,महिला सचेतना केन्द्र ,महिला मानवअधिकार रक्षक सन्जाल ,महिला सचेतना समुह, नेपाल अपांग संघ महोत्तरी ,ओरेक को सन्युक आयोजनामा संचालित सो कार्यक्रमको श्रमिक महिला कुमारी पासवानको अध्यक्षता थियो भने प्रमुख अतिथि सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्योपाने रहेका थिए । त्यसरी नै कार्यक्रमको विशिष्ट अतिथिको रुपमा डिएसपी सन्तुलाल प्रसाद जयसवाल, पत्रकार महासंघ महोत्तरीका अध्यक्ष महेस दास रहेका थिए ।

कार्याक्रममा बोल्दै डिएसपी जयस्वालले महिलाको घटनामा धेरै जसो अशिक्षित महिलाहरु सिकार हुने गरेको तथ्यांक बताउदै महिलाको लागि शिक्षा नै अपरिहार्य हथियार भएको बताए । यसैगरी सहायक प्रमुख जिल्ला अधिकारी न्योपानेले घरै बाट संस्कार बनाउनु पर्ने र महिला दिवस एक दिनमा मात्र सिमित नगरि सधै यस कुरामा मनन गर्नु पर्ने बताए ।

पत्रकार महा संघका अध्यक्ष महेश दासले अब ०८४ को चुनावमा वडा देखि पालिका तथा संघ सम्मने महिला उम्मेदवार तयार गरि महिलाको नेतृत्व अघि बढाउने खालको वातावरणमा बनाउन सके महिला सशक्तीकरणको लागि अर्थपूर्ण महिला सहभागिता रहनु पर्ने बताए ।कार्यक्रममा बिभिन्न निकायका पतिनिधि,संघ सन्थाका प्रतिनिधि तथा श्रमिक महिला , लैगिक तथा अल्पसंख्यक सामुदाय र पत्रकारको बाक्लो उपस्तिथि रहेको थियो ।

# परिक्षार्थीको सङ्ख्या यो वर्ष (०८१) १ दशमलव ०३२ प्रतिशतको झिनो अङ्कले वृद्धि

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २५ फागुन**




एसइई परीक्षामा महोत्तरीबाट सहभागी हुने परिक्षार्थीको सङ्ख्या यो वर्ष (०८१) १ दशमलव ०३२ प्रतिशतको झिनो अङ्कले वृद्धि भएको छ । तथापि नियमित साधारणतर्फका परीक्षार्थीको सङ्ख्या भने ७९ जनाले घटेको छ।

शिक्षा विकाश तथा समन्वय एकाइ कार्यालय महोत्तरीका अनुसार आगामी चैत ७ गतेदेखि सञ्चालन हुने एसइईमा महोत्तरी जिल्लाबाट सहभागी हुने परीक्षार्थीको सङ्ख्या दस हजार ९४६ पुगेको हो। यसमध्ये नियमित साधारणतर्फ आठ हजार ७५२, प्रविधिकतर्फ ५०९ र ग्रेड वृद्धितर्फका परीक्षार्थीको सङ्ख्या एक हजार ६५० जना रहेको छ। यो वर्ष एसइई दिने छात्राको सङ्ख्या पाँच हजार ४६६ पुगेको एकाइ कार्यालय परीक्षा फाँटका पंकज झाले बताउनुभयो। गत वर्ष (०८०) मा महोत्तरीबाट एसइई दिनेको कुल सङ्ख्या नौ हजार ४३१ मात्र थियो। त्यसमध्ये नियमित साधारणतर्फका परीक्षर्थीको सङ्ख्या आठ हजार ८३१ जना थियो। यो वर्ष परीक्षार्थीको सङ्ख्यामा उल्लेख्य वृद्धि नभएकोले गत वर्षको ३२ वटा परीक्षा केन्द्रलाई नै यो वर्ष पनि कायम राखिएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख रेविका अमात्यले बताउनुभयो। तोकिएका केन्द्रमध्ये लक्ष्मी चण्डी मुरारका मावि जलेश्वरवाट सबैभन्दा बढी ४५७ जना तथा सबैभन्दा कम श्री मावि भङ्गाहा सीतापुरबाट २०८ जना विद्यार्थी सहभागी छन्।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily



## सम्पादकीय

# अधिकार प्रत्यायोजनमा संसद्

*देशको आर्थिक विकासको गतिलाई ठिक दिशामा निर्देशित गर्न एकातिर पर्याप्त आर्थिक स्रोत आवश्यक पर्छ भने अर्कातिर मानवीय स्रोतको भूमिका अहम् हुन्छ । प्राकृतिक र भौतिक स्रोतको दिगो र समुचित व्यवस्थापनले मानवीय र आर्थिक स्रोतको दक्षता बढाउन मद्दत पुऱ्याउँछ । नेपालको संविधानले सङ्घीय तहमा राजस्व परिचालन, कोष व्यवस्थापन, परिचालित आर्थिक साधनको विनियोजन र लगानी, खर्च व्यवस्थापन तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा सङ्घीय आर्थिक प्रणालीको व्यवस्था गरेको छ ।*

*यसले आर्थिक योजना तर्जुमा, बजेट निर्माण र कार्यान्वयन तथा त्यसको कार्यान्वयन एवं सरकार र संसद्को सम्बन्ध र भूमिकाका बारेमा उल्लेख गरेको छ । यसबाट देशको आर्थिक विकासका सम्बन्धमा संसद्ले प्राथमिक रूपमा नै भूमिका खेल्न सक्छ र खेल्नु पर्छ भन्ने कुराको पुष्टि हुन्छ । यस दृष्टिबाट हेर्दा नेपालको व्यवस्थापिका संसद्ले आफूले हिजो बनाएका कानुन र संसद्ले कार्यकारिणीलाई प्रत्यायोजित गरेका विधायिकी अधिकार अन्तर्गत बनेका कानुनको समेत समय समयमा समीक्षा गर्नु पर्छ ।*

*तसर्थ आउँदा दिनमा यस समितिले संसद्द्वारा प्रत्यायोजित अधिकारबमोजिम नेपाल सरकारले बनाएका नियम, विनियम तथा जारी गरेका आदेश वा सूचना प्रत्यायोजित व्यवस्थापनको सिद्धान्त र सीमाभित्र रही गरिएका छन् कि छैनन्, प्रत्यायोजित अधिकारबमोजिम नियम, विनियम, आदेश बनाइएका र तदनुसार कार्यान्वयन गरिएका छन् वा छैनन् र तिनको प्रभाव अर्थतन्त्रमा एवं नागरिकले पाउने सेवामा कस्तो परेको छ भन्ने विषयमा निरन्तर अध्ययन अनुसन्धान गरी त्यसको प्रतिवेदन संसद्मा प्रस्तुत गर्ने र संसद्ले त्यसलाई कार्यान्वयनमा लैजाने विषयमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।*

# इन्द्रलाल बल विगत नौ वर्षदेखि केराखेतीमा संलग्न



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, २५ फागुन**

बागमती नगरपालिका-१० निवासी ४७ वर्षीय इन्द्रलाल बल विगत नौ वर्षदेखि केराखेतीमा सम्लग्न रहेका छन्। उनले साढे सात बिघा खेतमा केराखेती गरेका छन्। उनले भने, 'मेहेनतअनुसारको उत्पादन र उत्पादनअनुसारको राम्रो व्यापार भएका कारण केराखेतीबाट मनग्य आम्दानी भइरहेको छ ।' कृषि उत्पादनमा व्यावसायिक रूपले जोडिनुपर्ने उनको तर्क छ। 'हामी आफ्नो माटोमा सुन फलाउन छाडेर विदेशमा पित्तल कमाउन पुग्ने गर्छौं', उनले भने। झण्डै पाँच वर्ष वैदेशिक रोजगारीमा मलेसिया मा बिताएका उनी युवाहरूलाई देशमै केही गर्न आग्रह गर्छन्। विगत एक दशकदेखि बिहान सबेरैदेखि साँझ अबेरसम्म उनी केराबारीमा भेटिन्छन्।

खेतीबारी राम्रो हुन त्यसलाई पर्याप्त स्याहारसम्भार गर्नुपर्ने उनको अनुभव छ। 'हाम्रो बानी कस्तो छ भने खेतमा बाली लगाउने अनि फर्केर नजाने', उनले भने, 'यसरी खेती हुँदैन, हाम्रा पितापुर्खाले भन्ने गर्नुभएको उखानै छ। घोकन्ते विद्या, ध्याउन्ते खेती ।' बुबा बाजेले खेतीपाती गरेको देखेर हुर्किएका उनले राजनीतिशास्त्रमा प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययन गरेका छन् । तत्कालीन राज्यसत्ताविरुद्ध माओवादीले गरेको सङ्घर्षमा होमिएका उनी २०६५ सालमा वैदेशिक रोजगारीमा गए। 'देशमा माओवादी सङ्घर्ष थियो । म पनि त्यसैमा होमिएको थिएँ। विसं २०६२/६३ मा काठमाडौँ केन्द्रित आन्दोलन भयो । त्यहाँ पनि निकै नाराबाजी गरियो', उनले विगत सम्झिए। शान्ति वार्तापछि माओवादी सरकारमा गयो। हामी परिवार पाल्नै नसक्ने भएपछि भारतको बाटो हुँदै मलेसिया पुग्यौँ। माओवादी द्वन्द्वबाट आएका ४२ जना एकैपटक मलेसिया अवतरण भएका थियौँ । विदेशको भूमि, हावापानी, रहनसहन, भाषा, वेशभूषा सबै नयाँ। हामीलाई त्यहाँ महिनौँसम्म मार्बल र ढुङ्गा बोकाइयो । निकै कष्ट भयो । सीपबिनाको वैदेशिक रोजगारी पशुले गर्ने सङ्घर्ष हुने उनको भनाइ थियो। यसरी पाँच वर्ष काम गरेपछि २०७१ सालमा स्वदेश फर्किएँ। विदेशबाट ल्याएको पैसा एउटा घर बनाउने बित्तिकै सकियो । फेरि दैनिक छाक टार्नै धौधौको अवस्थामा पुगियो। परिवार बिरामी पर्दा छिमेकमा सापटीसमेत पत्याउन छाडे। काम र दुःख सम्झेर विदेश जाने आँट पनि आएन । त्यसपछि छिमेकीको खेत भाडामा लिएर केराखेती सुरु गरेको उनले सुनाए। त्यसयता उनले दुःखलाई फर्किएर हेर्नुपरेको छैन।

गाउँमा रु पाँच सय कसैले नपत्याउने अवस्थाबाट केराखेतीले सम्मानजनक जीवन दिएको उनको कथन छ। पुर्ख्यौली सम्पत्तिका नाममा तीन कट्ठा जग्गा पाएका उनले १० वर्षमा १५ कट्ठा खेत, दुई ठाउँमा घडेरी जोडेको बताए । तीन सन्तानलाई उनीहरूले चाहेअनुसार आजको युग सुहाउँदो शिक्षादीक्षा यसै खेतीको आम्दानीबाट पूरा गरिरहेको उनको भनाइ छ। उनले एक छोरालाई फार्मेसी पढाए। दुई सन्तान उच्च शिक्षा अध्ययनरत छन्। छोराछोरीलाई आजको समाजमा बाँच्न सक्ने वातावरण तयार गर्न सक्नु नै ठूलो सम्पत्ति आर्जन भएको बताउँछन्। आफूहरूजस्तो निम्नवर्गीय परिवारका लागि शिक्षा निकै महँगो बन्दै गएको छ। पैत्रिक सम्पत्तिका नाममा तीन कट्ठा खेत पाएका उनले छिमेकीको एक बिघा खेत भाडामा लिएर केराखेती सुरु गरेको बताए।

उनको केराखेती अहिले साढे आठ बिघा पुगिसकेको छ। उनले वर्षको प्रतिकट्ठा रु चार हजार आठ सयदेखि छ हजार पाँच सयसम्म भाडा तिर्छन्। केरा रोपेको १२ देखि १४ महिनाबाट उत्पादन दिन सुरु हुन्छ। नौ हजार दुई सय बोट केरा रहेकामा प्राकृतिक प्रकोपमा परेर वर्षमा सय बोटसम्म केरा क्षति हुने गरेको उनको भनाइ छ। सुरुमा खनजोत, मलखाद, मजदुर गरी रु २२ लाख लगानी गरेको खेतीबाट १४ महिनामा रु ३१ लाख बढीको केरा बिक्री गर्ने उहाँको भनाइ छ। 'प्रतिघरीमा ९० देखि एक सय कोसा केरा फल्छ', उनले भने, 'मैले मालभोग र नाइन ग्रेड (घ्यू) केराको बोट लगाएको छु। नाइन ग्रेडको घरीमा दुई सय कोसासम्म फल्छ।' प्रतिकोसा रु ३.५० पैसाका दरले कम्तीमा तीन सय ५० देखि पाँच सयसम्म प्रतिघरी केरा बिक्री हुन्छ। छठ तथा चाडपर्वमा अझै महँगोमा बिक्री हुने उनले जानकारी दिए।


# व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
- आवासको व्यवस्था गर्न सजिलो हुने ।
- व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।


**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: खानपानमा समस्या आउने
मिथून: अनावश्यक चिन्ता
कर्कट: मनमा पछुतो आउने
सिंह: मित्रतामा फाटो आउने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: लामो यात्राको योग छ
धनु: शुभ कार्यको शुरुवात
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: आम्दानी हुने



## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# जर्मनीमा सीएसयू समूह र एसपीडीबीच सरकार गठनका लागि सैद्धान्तिक सहमति

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ फागुन**



जर्मनीका कन्जरभेटिभ चुनावविजेता फ्रेडरिक मर्जले युरोपको शीर्ष अर्थतन्त्र र यसको सशस्त्र बललाई ठूलो मात्रामा नयाँ खर्च गरेर पुनर्जीवित गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सरकार गठनको दिशामा शनिबार एक कदम नजिक पुगेको बताउँदै उनले गठबन्धनका लागि आफ्नो पार्टी सीडीयू सम्मिलित सीएसयू समूह र पराजित चान्सलर ओलाफ स्कोल्जको सोसल डेमोक्र्याट्स (एसपीडी) बीच सैद्धान्तिक सहमति बनेको बताए । शनिबार अन्वेषणात्मक वार्ता सम्पन्न गरेको र अब पूर्ण गठबन्धन वार्ताको अर्को निर्णायक चरणमा जाने घोषणा दुबै दलले गरेका छन्। यो साहसिक कदम यूरोपमा बर्लिनको स्थिति लाई पुन: निर्माण गर्ने उनको योजनाको एक भाग हो ।

यसले ट्रान्साटलान्टिक गठबन्धनलाई हल्लाएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा संचालित व्यापक परिवर्तनको भनाइप्रति मर्जले प्रतिक्रिया दिनु पर्दछ । "एक घण्टा भन्दा कम समय अघि हामीले सीडीयू-सीएसयू र एसपीडी बीच परामर्श समाप्त गर्यौं र हामीले संयुक्त अन्वेषण पत्र तयार पारेका छौं र यसले गठबन्धन वार्ताको लागि मार्ग प्रशस्त गरेको छ ।" मर्जले गठबन्धनका लागि भएको सैद्धान्तिक सहमतिलाई व्याख्या गर्दै भने ।

# सैफ अली खानको रेस-४ मा को बन्ने भए भिलेन ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ फागुन**



बलिउड अभिनेता सैफ अली खानको रेस फ्रेन्चाइजीको नयाँ फिल्म आउँदैछ। फिल्मको बाँकी कलाकार र छायांकन स्थानबारे खासै जानकारी आएको छैन। तर हालैका रिपोर्टहरूका अनुसार, यी बलिउड अभिनेतालाई फिल्ममा खलनायकको भूमिका निर्वाह गर्न फाइनल गरिएको छ । फिल्मफेयरको एक रिपोर्ट अनुसार, हर्षवर्धन राणे २०२५ मा सबैभन्दा लोकप्रिय अभिनेताहरू मध्ये एक बनेका छन्। उनको फिल्म सनम तेरी कसमको पुन: रिलीजको सफलताका कारण उनको चर्चा चुलिएको हो। यसैबिच हर्षवर्धन फिल्म रेस-४ मा खलनायकको भूमिकामा देखिन सक्नेछन्। सैफ पनि हुनेछन् रेस ४ को हिस्सा ? एक्सन थ्रिलर फिल्म रेसको चौथो फ्रान्चाइज, रेस ४ को रिलिजको खबर बाहिर आएदेखि नै रेस फिल्मका फ्यानहरू यस फिल्मलाई लिएर धेरै उत्साहित छन्। सैफ अली खान रेस ४ को हिस्सा हुनेछन् भन्ने खबर आएको थियो । फिल्ममा हर्षवर्धनको संलग्नतासँगै रेस-४ ले नयाँ मोड लिएको छ। रेस-४ को लागि सिद्धार्थ मल्होत्राको नाम पनि विचार भइरहेको खबर छ । रेस-४ को छायांकन जनवरी २०२५ बाट सुरु हुने बलिउड हंगामासँग कुरा गर्दै रेस फिल्मका लेखक शिराज अहमदले बताएका थिए । उनले स्क्रिप्ट र कास्टिङ लगभग तयार भइसकेको पनि बताएका छन्। कथाले पहिलो दुई फिल्मको संसारलाई अगाडि बढाउनेछ र त्यसमा भएका घटनाहरूलाई जोड्ने बताइएको छ। रेस शृङ्खलाको अन्तिम फिल्म रेमो डिसुजाले निर्देशन गरेका थिए र यसमा सलमान खान, अनिल कपूर, बबी देओल, ज्याकलिन फर्नान्डेज, डेजी शाह र साकिब सलीमले अभिनय गरेका थिए।

# यस्तो छ आजका लागि विदेशी मुद्राको विनिमयदर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ फागुन**

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर १३८ रुपैयाँ ७० पैसा र बिक्रीदर १३९ रुपैयाँ ३० पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिदर १५० रुपैयाँ ४९ पैसा र बिक्रीदर १५१ रुपैयाँ १४ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर १७९ रुपैयाँ १७ पैसा र बिक्रीदर १७९ रुपैयाँ ९५ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १५७ रुपैयाँ ७६ पैसा र बिक्रीदर १५८ रुपैयाँ ४४ पैसा कायम गरिएको छ । अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ४० पैसा र बिक्रीदर ८७ रुपैयाँ ७८ पैसा, क्यानेडियन डलर एकको खरिदर ९६ रुपैयाँ ९१ पैसा र बिक्रीदर ९७ रुपैयाँ ३३ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रुपैयाँ २७ पैसा र बिक्रीदर १०४ रुपैयाँ ७२ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिदर नौ रुपैयाँ ४० पैसा र बिक्रीदर नौ रुपैयाँ ४४ पैसा, चिनियाँ युआन एकको खरिदर १९ रुपैयाँ १७ पैसा र बिक्रीदर १९ रुपैयाँ २५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ९७ पैसा र बिक्रीदर ३७ रुपैयाँ १३ पैसा, कतारी रियाल एकको खरिददर ३८ रुपैयाँ ०५ पैसा र बिक्रीदर ३८ रुपैयाँ २२ पैसा कायम भएको छ। केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ १२ पैसा र बिक्रीदर चार रुपैयाँ १४ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ७६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ९३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ४२ पैसा र बिक्रीदर ३१ रुपैयाँ ५५ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ५९ पैसा र बिक्रीदर नौ रुपैयाँ ६३ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ७२ पैसा र बिक्रीदर १३ रुपैयाँ ७८ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ १८ पैसा र बिक्रीदर २० रुपैयाँ २६ पैसा तोकिएको छ ।

# टी-२० विश्वकपकेन्द्रित क्यानको वार्षिक क्यालेन्डर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ फागुन**



नेपाल क्रिकेट संघ (क्यान) ले सन् २०२५ को वार्षिक क्यालेन्डर सार्वजनिक गरेको छ। क्यालेन्डरमा नेपालको पुरूष तथा महिला सिनियर तथा उमेर समूहको टिमले खेल्ने खेलहरूसँगै घरेलु क्रिकेटका तालिकाहरू समावेश छन्।

क्यालेन्डर अनुसार नेपालको पुरूष र महिला सिनियर क्रिकेट टोलीले यसै वर्ष टी-२० विश्वकप छनोट खेल्दैछ भने पुरुष क्रिकेट टोलीले आईसीसी विश्वकप लिग २ का महत्वपूर्ण शृंखला खेल्दै छ। तिनै प्रतियोगिताहरूलाई लक्षित गरी विभिन्न तयारी कार्यक्रम र सिरिजहरू समेटेर क्यालेन्डर तयार गरिएको छ । त्यसैगरी घरेलु प्रतियोगिताहरूसँगै उमेर समूहको टिम निर्माणका लागि पनि ग्रासरुटटदेखि नै तयारी गर्ने हेतुले विद्यालयस्तरीय प्रतियोगिताहरू समावेश छ। नेपाल क्रिकेट संघका सचिव पारस खड्काले यस वर्ष पुरूष र महिला दुवै टोलीका लागि टी-२० विश्वकपमा छनोट हुनु मुख्य लक्ष्य भएको उल्लेख गरेका छन् । 'हामी अब लिग २ का शृंखलाहरूबाट अंक हासिल गर्ने र विश्वकपमा छनोट हुनु मुख्य लक्ष्य हो' उनले भने । यिनै प्रतियोगिताको तयारीका लागि सहयोग पुग्ने गरी सिनियर टोलीका लागि वर्षभरजस्तै शृंखलाहरू तय भएका छन्। त्यस्तै घरेलु क्रिकेटमा पनि केही नयाँ प्रतियोगिताहरू समावेश भएका छन् । टी-२० विश्वकपका लागि तयारी: नेपालको पुरुष र महिला क्रिकेट टोलीले यसैवर्ष केही महत्वपूर्ण प्रतियोगिताहरू खेल्दैछ। दुवै टोलीले सन् २०२६ मा हुने टी-२० विश्वकपको छनोट खेल्दै छन् । त्यसैलाई लक्षित गरी क्यानले तयारीस्वरूप विभिन्न शृंखलाहरू समावेश गरेको छ।




बलवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल




सम्सी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश नेपाल

# कांग्रेसको चरित्रमा धमिरा



-लोकतान्त्रिक पार्टीमा सबै कार्यकर्ता स्वतन्त्र हुन्छन् भन्ने अराजक मान्यता स्थापित गर्ने प्रयास भइरहेको छ, यो अहिलेको कांग्रेस नेतृत्वमा देखिएको आत्मघाती प्रवृत्ति हो । कांग्रेसका नयाँ-पुराना, जोसिला-पोसिला र कर्तव्य परायण नेता तथा कार्यकर्ताहरू विस्तारै वर्तमान नेतृत्वबाट तर्किन थालेका छन् । पार्टीमा संस्थापन र संस्थापनविरोधी पक्षको भाष्य तयार गरिँदै छ । राजा वीरेन्द्रले २०३६ सालको ऐतिहासिक विद्यार्थी आन्दोलनको चर्को राप र तापपछि जेठ १० गते आफ्नो नेतृत्वमा चलेको निर्दलीय पञ्चायत व्यवस्था र बहुदलीय संसदीय व्यवस्थाका बीच जनमत संग्रहको घोषणा गरेका थिए ।

त्यतिबेला बीपी कोइराला आत्म-निर्वासन त्यागेर राष्ट्रिय एकता र मेलमिलापको नीतिका साथ स्वदेश फर्किइसक्नु भएको थियो । उहाँले जनमत संग्रहलाई नि:सर्त स्वीकार गर्नुभएको थियो भने कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंह र कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराई, कम्युनिस्ट नेता मनमोहन अधिकारी र उहाँको समूह तथा अन्य सबै प्रतिपक्षी नेताहरूले निष्पक्ष जनमत संग्रहका लागि केही सर्तहरू राखेका थिए । त्यो परिदृश्यमा बीपी लगभग एक्लै हुनुहुन्थ्यो । त्यसबेला बीपी जयबागेश्वरी, चावहिलमा आफ्ना साहिँला भाइ तारिणीप्रसाद कोइरालाको घरमा बस्नुभएको थियो । जेठ १० गतेको शाही घोषणापछि कोइराला निवासमा देशका ठूला-साना राजनीतिज्ञहरू, समाजसेवीहरू, प्राध्यापक र बुद्धिजीवीहरूको लर्को लाग्दथ्यो । मानिसहरू जनमत संग्रहपछिको परिदृश्यबारे बीपीका विचार र विश्लेषण सुन्न लालयित थिए । त्यतिबेला न त सामाजिक सञ्जाल थियो, न त समाचारपत्रहरू सर्वसाधारण जनताको पहुँचमा नै थिए । समाचारपत्रहरू स्वतन्त्र पनि थिएनन् । बीपी त्यहाँ उपस्थित सबैको विचारलाई समेटेर जवाफ दिनुहुन्थ्यो । आफ्ना विचार अभिव्यक्त गर्ने क्रममा, बेग्लाबेग्लै सन्दर्भमा, उहाँ सबैसँग पटक पटक एउटै प्रश्न गर्नुहुन्थ्यो- बग्गीको अगाडि घोडा कि घोडाको अगाडि बग्गी ? त्यतिबेला बीपीको यो प्रश्न कसैको दिमागमा पनि घुस्दैनथ्यो । अहिले, चार दशकपछि, नेपाली कांग्रेसको महाधिवेशनका सन्दर्भमा बीपी कोइरालाको घोडा र बग्गीको त्यो व्याख्या मेरो स्मृतिमा टड्कारो भएको छ । 'प्रतीक्षारत प्रधानमन्त्री' तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफन्तहरूसँग पहिले निर्वाचन गराउने र त्यसपछि मात्र महाधिवेशन गर्ने विचार प्रकट गर्न थाल्नुभएको छ । यो भनेको बग्गीको पछाडि घोडा बाँध्नु जस्तै हो । त्यसो त, देउवाजस्ता राजनीतिका चतुर खेलाडी नेताले यो कुरा बुझ्नुभएको छैन भन्न सकिँदैन । तर, मानिसका केही उमेरजन्य शारीरिक बाध्यता र व्यक्तिगत दायित्व हुन्छन् । त्यसले मानिसलाई विवेकपूर्ण निर्णय लिन दिँदैन । अर्कोतिर, सत्तामा बसेको मानिस यथार्थको सामना गर्न चाहँदैन । राजनीतिक घटनाक्रमको अध्ययन गर्ने एउटा स्वतन्त्र प्रेक्षकले यथार्थलाई नांगो आँखाले हेर्छ भने एउटा राजनीतिक कार्यकर्ताले आफ्नो स्वार्थका पक्षमा नेतालाई 'प्रिय' लाग्ने कुरा मात्र बोल्छ । यो पुरानै चलन हो । अहिले नेपालका नयाँ पुराना सबै राजनीतिक दलहरू पुस्तान्तरणको चापमा परेका छन् । पार्टीका कमान्ड सम्हालेर बसेका सबै दलका ठूला नेताहरूमा 'सम्माननीय' बन्ने भोक जागेको छ भने नयाँ पुस्ताका कार्यकर्ताहरूमा सत्तामा पुग्ने र सुखको स्वाद चाख्ने रहर छ । सञ्चारको व्यापक प्रभावले मानिसहरूलाई सत्ताप्रति आवश्यकताभन्दा बढी नै सम्मोहित गराएको छ । यो दुर्दमनीय यथार्थलाई कुनै पनि पार्टीका सम्मान्य नेताहरूले बुझ्न चाहेको देखिएको छैन । नेताहरूले यो तथ्य बुझ्नै पर्दछ- करोडौं करोड धन जुटाएर, पार्टीका लागि आलिसान भवन बनाएर मात्र पार्टी बलियो हुने होइन ।

पार्टीका सैद्धान्तिक आधारहरू जबसम्म सुदृढ हुँदैनन् तबसम्म परिवर्तन हुन सक्दैन । अहिले कांग्रेसको लोकतान्त्रिक समाजवाद र एमालेको जनताको बहुदलीय जनवाद राजनीतिक परिदृश्यबाट बाहिरिएका छन् । सैद्धान्तिक स्पष्टताका लागि कुनै पनि पार्टीका नेताहरू सजग हुन सकेका छैनन् । जहाँसम्म नेपाली कांग्रेसको कुरा छ, सांगठनिक हिसाबले यो पार्टीको अवस्था निर्वाचनका लागि अनुकूल छैन । चुनावमा विजय हासिल गरेपछि मात्र पार्टीको महाधिवेशन गर्ने विचार कांग्रेसका लागि आत्मघाती सावित हुने पक्का छ । २०६३ मा देश संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित भइसकेपछि कांग्रेसका मूल आधारहरू खस्किँदै र भत्किँदै गएका छन् । संगठन सुदृढीकरणको अभावमा यसको 'भोट कमाउने संयन्त्र' मा खिया लागेको छ । २००७ सालको क्रान्तिकालदेखि नै कांग्रेसको आधारभूमिका रूपमा रहेको मधेश प्रदेश कांग्रेसको हातबाट गुमेको दशक बित्न लागेको छ ।

मूलधारका भनिने कांग्रेस र एमालेबाट अलग भएर मधेशका प्रभावशाली नेताहरू विभिन्न क्षेत्रीय पार्टी गठन गर्ने वा गठन भएका क्षेत्रीय पार्टीमा सामेल हुने परिपाटी बढ्दो गतिमा छ । यही अवस्था देशका अरू छवटै प्रदेशमा विद्यमान रहेको छ । वास्तवमा, २०६२/०६३ को बृहत् जनआन्दोलनका धेरै नायकहरू खुम्चिएर बस्न बाध्य भएका छन् । सभापति देउवाको नेतृत्वमा कांग्रेसको संगठनमा अलिकति पनि शक्ति सञ्चय हुन सकेको छैन । यस्तो किन भयो ? कांग्रेसबाहेकका सबै ठूला, साना पार्टीहरू विभिन्न तहमा कांग्रेसविरुद्ध संगठित हुन थालेका छन् । कांग्रेसले यसका कारणहरूको अध्ययन गर्ने र सांगठनिक सुधार गर्ने तत्परता अहिलेसम्म देखाएको थाहा पाइएको छैन । लोकतान्त्रिक पार्टीमा सबै कार्यकर्ता स्वतन्त्र हुन्छन् भन्ने अराजक मान्यता स्थापित गर्ने प्रयास भइरहेको छ कांग्रेसमा । यो अहिलेको कांग्रेस नेतृत्वमा देखिएको आत्मघाती प्रवृत्ति हो ।

साभार : कान्तिपुर ।




मिथिला बिहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल










स्वास्थ्य निर्देशनालय
सपही
धनुषा, मधेश प्रदेश नेपाल

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday